नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग

फोन: ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८

(...................प्रशासन.................. शाखा)

कालिकास्थान, काठमाण्डौं
Website: www.nepalimmigration.gov.np
E-mail: mail@nepalimmigration.gov.np

पत्र संख्या :२०७५/२०७६
चलानी नं. :-१६५

मितिः- २०७५।०५।१२

**विषयः- प्रस्थान अनुमति दिने सम्बन्धमा ।**

श्री अध्यागमन कार्यालय,
त्रिअवि, गौचर ।

उपरोक्त विषयमा ताँहा कार्यालयको च.नं. ३८९ मिति २०७५।०५।०९ गतेको पत्रबाट बैदेशिक रोजगारीको लागि माल्टा जान लागेका व्यक्तिहरुलाई प्रस्थान अनुमति नदिई सक्कल राहदानी सहित यस विभागमा आवश्यक कारवाहीका लागि भनी लेखी पठाएको सन्दर्भमा लेखिदै छ । अध्यागमन ऐन, नियम र कार्यविधि अनुसार स्वेदशी एवं विदेशी नागरिकहरुको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित एवं नियन्त्रण गर्ने अध्यागमनको उदेश्य अनुरुप आफ्ना काम कारवाहीहरु अगाडी बढाउनु हुन साथै व्यक्तिगत एवं संस्थागत श्रम स्विकृतीमा वैदेशिक रोजगारीमा जाने कामदारहरुको हकमा देहायअनुसार गर्नुहुन मिति २०७५।०५।१२ को निर्णयानुसार अनुरोध छ ।

**देहाय**

१. Working Visa/Employment Visa वा सो सरहका अन्य कागजातहरु जस्तै Shipman Book, Work Permit, OK to Board जस्ता कागजात र वैदेशिक रोजगार विभागबाट जारी भएको श्रम स्विकृतीको स्टिकर हेरी प्रस्थान अनुमति दिने । श्रम स्विकृती लिंदाका बखत पेश भएका कागजातको आधिकारीकताको विषयमा श्रम स्विकृती दिने निकायको जवाफदेहिता हुने भएकोले सो विषयमा तहाँ कार्यालयबाट थप केही गरिरहनु नपर्ने ।

२. श्रम स्विकृतीको आधिकारीकताको विषयमा द्विविधा भएमा वैदेशिक रोजगार विभागको आधिकारीक वेवसाइट www.dofe.gov.np/new मा गई सम्बन्धित डेस्क अफिसरले नै Verify गर्ने । Verify भएको खण्डमा प्रस्थान अनुमति दिने ।

(कुलशेखर अर्याल)
अध्यागमन अधिकृत

**सादर अवगतार्थ :**
श्रीमान् सचिवज्यू, गृह मन्त्रालय ।
श्री वैदेशिक रोजगार विभाग, बुद्धनगर, काठमाडौं ।